# कक्षा ११ को भर्ना आवेदन तथा छनोट प्रक्रिया सम्बन्धी जानकारी २०७४

- एस. इ. इ. बोर्ड नेपालबाट उत्तीर्ण भएका **नियमित तर्फका** विद्यार्थीहरुले मात्र आवेदन फाराम भर्न पाउने छन् ।
- विज्ञान समूह अन्तर्गत आवेदन दिन चाहने विद्यार्थीहरुलाई:
  - क. एस. इ. इ. मा ऐच्छिक गणित विषय लिएको हुनुपर्ने र न्यूनतम ३.५ समष्टिगत रुपमा GPA प्राप्त गरेको हुनु पर्नेछ ।
  - ख. अनिवार्य अंग्रेजी, अनिवार्य गणित, ऐच्छिक गणितमा र विज्ञान विषयमा न्यूनतम 'ग्रेड B' प्राप्त गरेको हुनुपर्नेछ ।
  - ग. बाँकी अन्य विषयहरुमा न्यूनतम 'ग्रेड C' प्राप्त गरेको हुनु पर्नेछ ।
- व्यवस्थापन समूह अन्तर्गत आवेदन दिन चाहने विद्यार्थीहरुलाई:
  - क. एस. इ. इ. मा न्यूनतम २.५ समष्टिगत रुपमा GPA प्राप्त गरेको हुनु पर्नेछ ।
  - ख. सम्पूर्ण विषयहरुमा न्यूनतम 'ग्रेड C' प्राप्त गरेको हुनु पर्नेछ ।
- योग्यता पुगेका सम्पूर्ण विद्यार्थीहरुले (योग्यता मापदण्ड जाँच गर्नु होस्) आवेदन फाराम यस एकेडेमीको लेखा शाखाबाट प्राप्त गर्न सक्ने छन् ।
- परीक्षार्थीहरु तोकेको मिति, समय र स्थानमा प्रवेश परीक्षाको लागि उपस्थित हुनु पर्नेछ । (मिति, समय र स्थान जाँच गर्नु होस्)
- यदि मिति, समय र स्थानमा कुनै परिवर्तन भएमा विद्यार्थी/परीक्षार्थीहरुलाई सार्वजनिक रुपमा जानकारी गराइनेछ ।
- यस एकेडेमीको लेखाशाखाबाट बिदाको दिनमा समेत बिहान ९:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म आवेदन फाराम लिन सकिने छ ।
- एस. इ. इ. मा प्राप्त नतिजा र प्रवेश परीक्षाको नतिजाको आधारमा विशिष्टताक्रमको सूची एकेडेमीको वेभसाइडमा प्रकाशित गरिने छ ।
- विशिष्टताक्रमको सूचीमा नाम निकाल्न सफल भएका विद्यार्थीहरुले सक्दो चाँडै वा तुरुन्तै भर्ना भइ सक्नु पर्नेछ । उत्तीर्ण परीक्षार्थीहरुको भर्ना 'जो पहिला आउने उसैले पाउने' (First come first service) आधारमा लिइनेछ । आवश्यक सिटसङ्ख्या पूरा भएपछि भर्ना स्वतः बन्द हुनेछ र त्यसपछि भर्नाको कुनै व्यवस्था गरिने छैन ।
- लिखित परीक्षाका आधारमा मात्र भर्नाको ग्यारेन्टी गरिने छैन ।
- भर्ना प्रक्रियामा छनोट समितिको निर्णय नै अन्तिम हुनेछ ।
- यस एकेडेमीमा यातायात र छात्रावासको सुविधा उपलब्ध छैन ।
- **आवेदन फाराम भर्ना हुन चाहने विद्यार्थी स्वयम्ले उपस्थित भई बुझाउनुपर्नेछ । अन्यथा आवेदन फाराम बुझिने छैन ।**
- थप जानकारीको लागि एकेडेमीको रिसेप्सनमा सम्पर्क राख्न सकिने छ ।

**याद गर्नुपर्ने कुराहरु:**

- उपलब्ध गराइएको प्रक्रिया र मापदण्ड विपरीत भरिएको आवेदन फाराम रद्द गरिने छ । यदि कुनै परीक्षार्थीले झुटो विवरणका साथ भर्ना आवेदन फाराम भरी प्रवेश परीक्षामा सहभागी भएको पाइएमा निजको प्रवेश परीक्षा स्वतः रद्द हुनेछ ।
- भर्नाको लागि आवेदन फाराम भर्दैमा र न्यूनतम मापदण्ड पूरा गर्दैमा भर्नाको लागि ग्यारेन्टी गरिने छैन ।
- एकेडेमीको भर्ना प्रक्रियाअनुसार विद्यार्थी भर्ना गरिनेछ । कुनै पनि अवस्थामा बुझाइ सकेको शुल्क फिर्ता हुने छैन ।


**प्रसादी एकेडेमी मा.वि.**
तफाल्होः, ललितपुर
फोन नं.: ५५३०५६२, ५५४१११७
Web: www.prasadi.edu.np